बकैया गाउँकार्यपालिकाको मिति २०७९।०३।[illegible] गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. योजना संशोधन निर्णय अनुमोदन सम्वन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमको वडा अन्तर्गतको योजना सम्वन्धित वडा समितिबाट निर्णय गरि संशोधन गरिएकोमा उक्त निर्णय आगामी गाउँसभाबाट अन्तिम अनुमोदनको लागि पेश गर्ने गरि कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो।

२. अगामी आ.ब. २०७९/०८० को बजेट तयारी सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा आगामी आ.ब. २०७९/०८० को बजेट तयारीका लागि तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र छलफल, नीति तथा कार्यक्रम तयारी | २०७९।०३।०९ भित्र | |
| २ | कार्यपालिका बैठकमा नीति तथा कार्यक्रम पेश गर्ने | २०७९।०३।०९ गते | |
| ३ | वार्षिक नीति तथा कार्यक्रम सार्वजानिकीकरण | २०७९।०३।१० गते | विहान ११:०० बजे |
| ४ | राजश्व परामर्श समितिको प्रतिवेदन पेश | २०७९।०३।१४ भित्र | |
| ५ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक र सीमा निर्धारण | २०७९।०३।१५ भित्र | |
| ६ | वडास्तरमा योजना छनौट | २०७९।०३।१७ भित्र | |
| ७ | प्राथमिकीकरण भएका वडाका योजना तथा कार्यक्रमहरु/विषयगत समितिका प्रतिवेदन योजनाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | २०७९।०३।२० गते भित्र | |
| ८ | विषयगत समितिको छलफल, अन्य सरोकारवालाहरुसँग छलफल | २०७९।०३।२१ गते भित्र | |
| ९ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र छलफल, बजेट तयारी | २०७९।०३।२२ भित्र | |
| १० | कार्यपालिका बैठकमा बजेट पेश गर्ने | २०७९।०३।२३ गते | |
| ११ | बजेट सार्वजनिकरण | २०७९।०३।२४ गते | विहान ११:०० बजे |

Scanned with CamScanner

३. विपद् पूर्वतयारी सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा नजिकिँदो बर्षासँगै गाउँपालिका जोखिमयुक्त क्षेत्रका नागरिकहरुको मागलाई मध्यनजर गर्दै सम्भावित बाढी पहिरोबाट हुने जोखिमलाई न्यूनिकरण तथा विपद व्यवस्थापनका लागि रु. २०,००,०००।– नबढ्ने गरि तारजाली, खानेपानी तथा सिँचाई पाईप खरिद गरि भण्डारण गरिराखे तथा क्षतिको अनुगमन मुल्याङ्कन गरि राहतको रुपमा आवश्यक ठाउँको लागि वितरण गर्ने निर्णय गरियो ।

४. स्थानीय राजश्व परामर्श समिति गठन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्न सक्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार देहाय बमोजिमको एक स्थानीय राजस्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट १ जना महिला सहित २ जना सदस्य | |
| (ज्ञानेन्द्र बजागाई, वडा नं. १२ अध्यक्ष) | सदस्य |
| (राजकुमारी भोम्जन, कार्यपालिका सदस्य) | सदस्य |
| घ. निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी मान्यता प्राप्त संस्थाको गाउँपालिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ङ. घरेलु तथा साना उद्योग सम्वन्धी मान्यता प्राप्त संस्थाको गाउँपालिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| च. कार्यपालिकाको राजश्व महाशाखा।विभाग वा शाखा प्रमुख | सदस्य सचिव |

५. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना | |

Scanned with CamScanner

सदस्य

(विश्वराज स्याङ्तान, वडा नं. २ अध्यक्ष) सदस्य

(लक्ष्मी जिम्बा, वडा नं. ५ अध्यक्ष) सदस्य

(दिप कुमारी विश्वकर्मा, कार्यपालिका सदस्य) सदस्य

(लोकेन्द्र माझी, कार्यपालिका सदस्य) सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव

समितिले आवश्यकता अनुसार सम्वन्धित कर्मचारी र विषय विज्ञलाइ समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

६. वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा श्रोत तथा वजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण. वितरणको खाका र वजेट सिमामा आधारित भै स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ अनुसार देहाय वमोजिमको वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

क. गाउँपालिका उपाध्यक्ष संयोजक

ख. विषयगत क्षेत्र हेर्ने गाउँ वा नगर सदस्यहरु सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ. योजना महाशाखा/विभाग वा शाखा प्रमुख सदस्य सचिव

७. स्थानीय तह भूउपयोग परिषद् तथा भूउपयोग कार्यान्वयन समिति गठन सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा भूउपयोग ऐन २०७६ को दफा १८ उपदफा १ र २ वमोजिम यस गाउँपालिकाको भूउपयोग क्षेत्र तथा भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्नका लागि यसै कार्यपालिकाले नै भूउपयोग परिषद्को रुपमा कार्य गर्नेछ ।साथै ऐनको दफा २० वमोजिम स्थानीय भूउपयोग परिषद्को कार्यमा सहयोग गर्न देहाय वमोजिम भूउपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

(क) गाउँ कार्यपालिका अध्यक्ष अध्यक्ष

(ख)सम्वन्धित वडाको वडा अध्यक्ष सदस्य

(ग) आर्थिक विकास शाखा प्रमुख सदस्य

(घ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख सदस्य

(ङ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा सदस्य

Scanned with CamScanner

(च) सरोकारवाला मध्येबाट स्थानीय भूउपयोग परिषद्‌ले तोकेका दुईजना महिला सहित चार जना — सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य-सचिव

८. न्यायीक समिति गठन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरि देहाय अनुसार न्यायीक समिति गठन गर्ने निर्णय गरियो ।

क. गाउँपालिका उपाध्यक्ष — संयोजक

ख. लक्ष्मीमाया माझी, कार्यपालिका सदस्य — सदस्य

ग. अमृत थिङ, ५ नं. वडा सदस्य — सदस्य

९. सडकमा पानी हालेको खर्च भुक्तानी सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा वडा नं. ५ का विभिन्न स्थानमा ट्याङ्करबाट पानी हालेको सम्बन्धमा वडा नं. ५ को वडा समितिको निर्णय सहित सिफारिस पत्रको साथ विल भर्पाई प्राप्त भएकोमा उक्त कार्यको रु. २,४६,०००।– भुक्तानी दिने निर्णय गरियो ।

१०. "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ७ मा रहेको युनिक नेपाल निर्माण सेवा ले "घ" वर्गको व्यवसाय दर्ताको लागि यस गाउँपालिकामा विभिन्न कागजातहरु सहित निवेदन पेश गरेकोमा यस कार्यलयको "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धि कार्यविधिको दफा २ बमोजिम उक्त व्यवसायहरु दर्ताको लागि योग्य देखिएकोमा दर्ताको लागि अनुमति दिने निर्णय गरियो।

११. महेन्द्र माविको रकम भुक्तानी सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानको लागि नेपाल सरकारबाट नमुना विद्यालयको रुपमा छनौट भएको श्री महेन्द्र माध्यामिक विद्यालय को भौतिक पूर्वाधार निर्माणको लागि १,००,००,०००।- सशर्त अनुदान प्राप्त भएको र उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितीले निर्णय गरि रकम माग गरेकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को व्यवस्था बमोजिम उक्त रकम सो विद्यालयको खातामा उपलब्ध गराई काम सम्पन्न भए पश्चात मात्र भुक्तानी दिने गरि तत्काल उक्त रकम खर्च गर्न नमिल्ने गरि रोक्का राख्ने निर्णय गरियो ।

१२. सि सि क्यामेरा व्यवस्थापन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सूचना प्रविधि शिर्षकमा रहेको बजेटबाट गाउँपालिकाका वडा नं. १ र २ बाहेकका इन्टरनेट सेवा पुगेका १० वटा वडा कार्यालयहरुमा सि सि क्यामेरा व्यवस्थापन गर्ने तथा श्रीपुर तीनतले क्षेत्रको उपयूक्त स्थानमा समेत सि सि क्यामेराको व्यवस्थापन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

१३. ऋण मिनाह सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ५ राजदमरेमा सञ्चालित "ललिता बँगुर तथा कृषि फर्म" का सञ्चालक श्री लली माया गोलेले बँगुरको खोर विस्तार गर्नका लागि यस गाउँपालिका बाट मिति २०७८।०३।१५ गते ऋण अनुदान लिनुभएको र निजको मिति २०७८।०९।२० गते मृत्यु भएको तथा निजको उपचारको क्रममा धेरै खर्च भएको कारण ऋण भुक्तानी गर्न असक्षम रहेको भनि निजको श्रीमान श्री कान्छामान गोलेबाट उक्त ऋणको मिनाह गरिदिनुहुन भनि मृतकको मृत्यु दर्ता सहित निवेदन प्राप्त भएकोमा उक्त ऋण मिनाह दिने निर्णय गरियो ।

१४. फ्यूज शाखा तथा कर्मचारी व्यवस्थापन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको वडा नं. १, २, ६, ८, ९, १०, ११ र १२ को उपयूक्त स्थानमा फ्यूज शाखाको आवश्यकता रहेको र सोही बमोजिम कर्मचारिहरुको समेत थप व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेकोमा सवारी साधनको उचित व्यवस्था सहित उक्त व्यवस्थापनको लागि नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई सिफारिश गर्ने निर्णय गरियो ।

१५. स्टक मापन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको विद्युतिय ठेक्का मार्फत नदिजन्य पदार्थको बिक्री वितरणको लागि छनौट भएका निर्माण व्यवसायीहरुले स्टक गरेका, अन्य निर्माण व्यवसायीले स्टक गरेका र काठमाडौं तराई मधेश द्रुत मार्गको लागि स्टक गरेका नदिजन्य पदार्थ तथा माटोको स्टक मापन गरि निर्धारित दर अनुसारको बाँकी राजश्व असुल गर्ने निर्णय गरियो ।

Scanned with CamScanner